# महाकाली नगरपालिकाको ५ बर्षे रोजगार रणनिति योजना

## आ.व. २०८०/०८१–२०८४/०८५

स्वीकृत मिति : २०८१।०३।१०
प्रमाणीकरण मिति : २०८१।०३।२५

महाकाली नगरपालिका

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

Mahakali Municipality Darchula

महाकाली नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
खलंगा, दार्चुला,
सुदूरपश्चिम प्रदेश

नि.प्रमुख प्रशासकीय अधिकृत
२०८१।३।२५

CamScanner

## खण्ड-१ रणनैतिक सन्दर्भ (stractegic context)

### १.पृष्ठभुमि

महाकाली नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न नेपालको संवैधानिक र कानुनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघिय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगारी सिर्जनातर्फ केन्द्रित रहेका छन् । आर्थिक वृद्धि र गरिवी न्युनिकरणको आधारनै उत्पादनशिल रोजगारी रहेको छ। नागरीकलाई न्युनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एबं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानिय तहमा रहेको श्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दिर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी संवैधानिक व्यवस्था र कानुनी प्रावधान तथा संघ, प्रदेश र स्थानिय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धि नीति, नियम कार्यविधिलाई आम नागरिकको जीवनमा रुपान्तरण ल्याउन महाकाली नगरपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित उपयोग मार्फत महाकाली नगरपालिकामा आन्तरिक रोजगार सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्यूनतम रोजगारीका कार्यक्रम, उद्यमशिलता तालिम,व्यवसायिक सीप विकास, सीपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने छ ।

रोजगार नीति, २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी वनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एंव सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल वनाई गरिवी निवारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ, उक्त दूरदृष्टि वमोजिमका प्रमुख उदेश्यहरू र बिषय बस्तुलाई आत्मसात गरी महाकाली नगरपालिका आगामी ५ बर्षे रोजगार रणनीतिले मार्गदर्शन गरेको हुने छ।

### कृषि क्षेत्रमा दिगो उत्पादनशील रोजगारी

- सिचाइ कुलो, कृषि सामाग्री,आधुनिकीकरण प्रविधि, उत्पादन र बजारीकरणमा समन्वय गरी न्यूनतम रोजगारी सुनिश्चत गर्न कृषिमा दिगो उत्पादनशील रोजगारीमा जोड दिइने छ । यसका लागि नगरपालिकाको कृषि भुयोग्य जमिनको उपयोग तौर तरीका, उत्पादन र बजारीकरणमा रोजगारी प्राप्तिको वातावरण तयार गरी मौसमी तरकारी, प्रमुख अन्नबाली, नगदे बाली उत्पादन हुने क्षेत्र पहिचान गरी रोजगारी सृजनामा जोड दिइने छ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

व्यवसायिक सीप बिकास र तालिम

- युवा जनशक्तीलाई आवश्यक व्यावसायिक सीपमा अभिबृद्दि गरी आन्तरिक रोजगारीको माग र आपुर्तिमा अन्तर सम्वन्ध कायम गरी आवश्यक पर्ने दक्ष जनशक्ति तयार र उपयोग गरी आन्तरिक रोजगारी र वैदेशिक रोजगारीमा मार्फत नागरिकको जीवनस्तरमा सुधार आउने !
- अनौपचारिक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरी सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धित निकायसँग समन्वयन गरीने छ ।
- बजारको माग र जनशक्ति आपूर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम संचालन ल्याइने छ ।

निर्माण क्षेत्र

- पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइने छ ।
- सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरिने छ ।
- स्थानिय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिने छ ।

श्रम तथा रोजगारीका गतिविधिले रोजगारीको सुनिश्चतताका साथै महाकाली नगरपालिकाको सामाजिक आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक सहयोग पुग्न सक्नेछ।

- श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक विकास गरी आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने ।
- आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार आउने ।
- गाँउघरमा न्यूनतम रोजगारी पाएमा जीवनयापन गर्न विदेशमै जानुपर्ने अवस्थामा सुधार आउने ।
- बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सीप उपलब्ध गराएमा बैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुदा जीवनयापनमा सहजता आउने ।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने छ र उत्पादन भएका बस्तुको वजारीकरण, व्यवस्थापन थप रोजगारी सिर्जना गर्न विशेष पहल गरिने ।
- विकासका पूर्वाधारमा दक्ष र सीपमूलक जनशक्ति प्रयोग गर्दा दैनिक ज्यालादरमा बृद्दि हुने हुदा दैनिक जीवनयापनमा मदत पुग्ने ।



नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका

- विपन्न, न्यूनतम श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकतामा रही अवसर पाउँने हुदा सामाजिक रुपमा उच्च सम्मान हुने ।

विद्यमान नीतिगत तथा कानुनी व्यवस्था

- संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ।
- धारा ३४ मा प्रत्येक नागरीकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक उल्लेख गरिएको छ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने जस्ता लोपोन्मूख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- संविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबै काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृदि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारमा अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन, व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप ,प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१ (ज) सामाजिक न्याय र समावेशिकरण सम्बन्धि नीतिमा राज्यले असहायक अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आदारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संबैधानिक व्यवस्था रहेको छ ।

कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक ऐन, २०७५ नियमावली, २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

- राष्ट्रिय रोजगार नीति, २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी रणनिति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि,२०८०
- श्रम मन्त्रालयको ५ बर्षे रोजगार रणनीति योजना
- १५ औ पञ्चबर्षिय योजना
- सरकारका नीति तथा कार्यक्रम

## २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

महाकाली नगरपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लागि आन्तरिक रोजगारी सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका प्रयास अवसर सृजना नहुदा वर्षेनी ठूलो संख्यामा यूवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखी नेपालको संविधानमा व्यवस्था भएबमोजिम रोजगारीको हकको कार्यान्वयनका लागि विभिन्न नीति, ऐन, र कानूनहरू कार्यान्वयनमा रहेका छन्। संविधान, ऐन तथा कानूनले निर्दिष्ट गरेका व्यवस्थालाई नागरिकको जीवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमलाई अपेक्षित प्रभावकारी भएको पाइदैन नगरपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ५ बर्ष देखि कार्यन्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन् तर स्थानीय तहमा श्रोत साधनलाई एकिकृत गरी परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न मद्दत पुग्ने हुनाले रणनीति आवश्वक हुन पुगेको छ ।

**संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्था :**

सिमित श्रोत साधन तथा संघिय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चितता गर्न निकै चुनौति रहेको छ । सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन् । रोजगारीको क्षेत्रमा आवश्वक श्रोत साधन प्रयोग गरी धैरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेका रोजगार रोजगारीका कानूनी प्रावधानले तय गरेका दिर्घकालीन उद्देश्य पूरा गर्न, स्थानिय तहको श्रोत साधन सहित प्रयोग गरी धैरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रममा संलङ्गन गराइ श्रम तथा रोजगार क्षेत्रका दीर्घकालीन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको तथा तिनवटै तहवाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै उत्पादनशील रोजगारीको विकास र उपयोगी गर्न यो रणनिति योजना तयार गरीएको हो । प्रस्तुत सन्दर्भमा यस रणनिति योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलौंं, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालीन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम विच सामनजस्यता कायम गर्न ।
- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उधमशिलताको विकास र आन्तरिक रोजगारी प्रवर्धन गर्न,
- श्रोत साधनलाई रोजगारीमा केन्द्रित गर्न,
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न,
- न्यूनतम रोजगारीमा मार्फत पूर्वाधार विकास र उत्पादनशील रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सीपमूलक तालिम संचालन गर्न,

३. अध्ययनको पद्धति

स्थानिय तहको रोजगार रणनितिका लागी आवश्यक पर्ने सूचना, तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० ले निर्धारण गरेका अनिसूची २ र ३ मा प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ । साथै सरोकारवालासँगको अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएको छ। त्यसै गरी श्रम, रोजगार तथा सामाजिक मन्त्रालयले कानूनी जस्ता नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धी, बैदेशिक रोजगार विभाग, बैदेशिक रोजगार सचिवालय लगाएतका निकायबाट प्राप्त जानकारी सेकेन्डरी सूचनालाई गुणात्मक विधिमा आधारित भएर रणनीति योजना तयार गरिएको छ ।

४. क्षेत्र :-

महाकाली नगरपालिका रोजगार रणनीतिले रोजगारीको अवस्था सीप विकास भौतिक रुपमा मठ, मन्दिर, पाटी, पौवा, सडक, बाटो नाला अथवा सडक मा ग्राभिलिङ र तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनीतिका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय
- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चूनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजी तथा प्रवर्दन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण



नि.प्रमुख प्रशासकीय अधिकृत

➢ सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम

५. सिमा :-

महाकाली नगरपालिकाको क्षेत्र भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिएको छ । यसमा महाकाली नगरपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीका सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धी सिमा रहेका छन. ।

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण

स्थानीय तहको रोजगार रणनीति योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरीएको छ ।

२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार) ;- ९ वटा वडा रहेका यस महाकाली नगरपालिका मा वडा नं. १ मा २५१९ वडा नं. २ मा १७५९ वडा नं. ३ मा १६९२ वडा नं. ४ मा ६०२० वडा नं. ५ मा ५३३६ वडा नं. ६ मा १२०४ वडा नं. ७ मा १४४३ वडा नं. ८ मा २०७७ वडा नं. ९ मा २०३१ जम्मा २४०८१ जनसंख्या रहेको छ। जसमा पुरूष र महिलाको लैङ्गिक अनुपात ९०.७६% रहेको पाइन्छ। भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, महाकाली नदी किनारा क्षेत्रमा बढी उत्पादन योग्य जमिन, व्यापार व्यवसाय गर्न सहज, शिक्षा, यातायातको सुविधाको पहुँच भएकाले यस क्षेत्रमा बसोवास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भने नगरपालिकाको उच्च भूभागमा जनघनत्व क्रमश न्यून छ।

२.१.१ जनसंख्या, उत्पादन र भुबनौटका आधारमा ३ भागमा वाड्न सकिन्छ

➢ उत्पादनशील नदि खोला किनारा क्षेत्र ; वडा नं. ९-८-७ को धान, गहुँ, मकै, ताजा तरकारीको बिउ, आँप, अम्बा, सुन्तला, कागती, मेवा, केरा, आरू, अदूवा, तिमुर, आलु वडा नं. ५-६ सुन्तला, कागती, अन्य जडिबुटी को र वडा नं. १-२-३ को सुन्तला, आलु, किवी, मौसमी, ओखर, लसुन, अन्य जडिबुटी रहेको क्षेत्र हो। यस क्षेत्रमा क्षेत्री (धामी, डाँगा, बोहरा, ठगुन्ना, महरा, रैखोला, नगारी, सामन्त, बडाल, नगाल) दलित (चुनारा, लोहार, सिनाल, दमाई, ओड, वादी, कामी) ब्राह्मण (भट्ट, जोशी, बिष्ट, पन्त, पाल, मल्ल,) लगायतका मिश्रित जात को बसोबास रहेको छ। यस क्षेत्रमा खाद्य उत्पादन र दिगो तथा उत्पादनशिल रोजगारीको सम्भावना बढी देखिन्छ। यस क्षेत्रमा बसोवास गर्ने मानिस आर्थिक अवस्था हेर्दा मध्यम जीवनशैली अपनाएको पाइन्छ। यस क्षेत्रमा व्यापार, कृर्षि, भारत तथा वैदेशिक रोजगारीमा

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलाल, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गई जीवनयापन गरिरहेको देखिन्छ। कृर्षिबाट वार्षिक ३ पटक उत्पादन गर्न सकिने सम्भावना रहेको छ।

- आववश्यकता अनुसार रोजगारी दिन सकिने अवस्था रहेकोछ।

२.२ स्वरोजगार लागि नँया उद्योग तथा प्रतिष्ठान खोल्ने अवस्था

- कृषिमा आधारित साना उध्योग नै नगरपालिकाको आवश्यकता देखिन्छ।

२.३ उद्योग प्रतिष्ठानहरूमा संलग्न हुने जनशक्तिका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विश्लेषण

- फर्निचर उध्योग ,जडिवुटी प्रसोधन कारखानाको राम्रो सम्भावना भएकाले उक्त क्षेत्र सम्वन्धित सीपमुलक तालिम संचालन गर्न सकेमा आन्तरिक रोजगारी सिर्जना हुने देखिन्छ।

२.४ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरूको प्रकृति

- महाकली नगरपालिकामा वर्षेनि वेरोजगार नागरिकहरु जिवनयापन गर्न तथा आधारभुत आवश्यकता पुर्ति गर्न भारत र भारत वाहेक अन्य मुलुकमा पनि जाने गरेका छन। जसमा पुरुषहरुको संख्या उल्लेख्य रहेको छ। वैदेशिक रोजगारीमा जाने हरु प्रायजसो अदक्ष जनशक्ती नै रहेको देखिन्छ।

२.५ वैदेशिक रोजगारका लागि उपलव्ध सेवा तथा सुविधाको विश्लेषण

- वैदेशिक रोजगारमा सम्वन्धी अभिमूखिकरण, सूचना प्रवाह र प्रवद्वनात्मक क्रियाकलाप संचालन गर्ने।
- वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ।
- वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा सहजीकरण गर्ने।
- वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुनः एकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजीकरण।

२.६ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चूनौती र निराकरणको अवस्था

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलौंला, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

वि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner

चुनौती

- बेरोजगार युवाहरूलाई श्रमप्रतिको धारणामा रूपान्तरण गर्न नसक्नु।
- पूर्वाधार विकासमा आवश्यक श्रोत साधनको अभाव।
- बेरोजगार युवाहरूले उत्पादनशील रोजगारी अन्तर्गत कृषि तथा पशुपालनमा भविष्य नदेखु।
- सीपलाई रोजगारमा रूपान्तरण गर्नु।
- बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्न नसकिनु।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु।
- मागमा आधारीत रोजगारीको व्यवस्थापन गर्न नसकिनु।
- न्यून बजेटमा अपेक्षा धेरै हुनु।

निराकरण

- रोजगारीको हकलाई पूणरूपमा कार्यान्यन गर्न संघीय सरकारबाट प्रयास कानून, नीति, नियम बनेका छन्।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन।
- संघ र स्थानीय तहको रोजगारी सृजना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन्।
- लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन्।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आवद्ध गर्न काममा आधारीत तालिम संचालन हुने गरेका छन्।

२.७ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात प्राप्त हुने अवसर र उपलव्धि अवसर

- गाँउ भित्र आर्थिक गतिविधि बढन गई युवाहरूलाई उद्योग व्यवसाय गर्ने वातावरण
- परिणात्मक र गुणात्मक रोजगारी सिर्जना
- आन्तरीक रोजगारीमा विश्वसिलो दिगो माग र आपूर्तिमा प्रणालीको विकास
- न्यूनतम रोजगारीमा अहिले चूनौतीलाई दिगो रोजगारीका अवसरमा रूपान्तरणको अवसर
- युवालाई कृषि, पशुपालन, जडिबुटीमा अवसर प्रहान गर्न ।

उपलव्धी

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलना, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

नि.प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गर्नु ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।

## खण्ड -४ रणनैतिक सवाल

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलव्ध अवसरहरूमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन ।रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलव्धिमूलक बनाउन, आन्तरीक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरीक रोजगारीका अवसरमा वृद्धि , वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारीका क्षेत्र पहुचान गर्न, उद्यमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यसका रणनैतिक सवाल रहेका छन् ।

## खण्ड -५ दूरदृष्टि, लक्ष्य र उद्देश्य

दूरदृष्टि, लक्ष्य र उद्देश्य ( vision, mission, goal objectives)

सोचः "समृद्ध नगर - कृषि, उद्योग, पशुपालन, पर्यटन र विकासका पूर्वाधारमा रोजगार" रणनीतिक योजनाको दिर्घकालीन सोच हुनेछ ।

लक्ष्यः सुचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभूति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेको छ ।

उद्देश्यः नगरपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै नगरपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन् ।

१. विकासका पूर्वाधारमा, कृषिको उत्पादन, जडिबुटीको तथा वन पैदावरको संकलन, प्रशोधन बजारीकरण, उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफूल खेती मार्फत न्यूनतम रोजगारी देखि दिगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. वैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरूलाई आवश्यक पर्ने सीप, अभिमुखीकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सुरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमुलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री बनाउनु ।

नगरपालिकाका प्राथमिकताहरू

१. आन्तरीक, दिगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिमामा जोड ।

३. कृषि, वन पैदावरमा रोजगारी सिर्जना ।

४. जडिबुटी, उद्योग, पर्यटन, उद्यमशीलतामा जोड ।

५. विकासका पूर्वाधार ।

६. वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उत्पादनका क्षेत्रमा संलग्न गराउने ।

७. वैदेशिक रोजगारीमा जान चाहने युवालाई परामर्श, अभिमुखीकरण गर्नु पर्ने ।

## खण्ड -६ रणनैतिक लक्ष्यहरू

रणनैतिक लक्ष्यहरू (strategies goals)

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरूलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।
- वैदेशिक रोजगारबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- कृषि वनपैदावर
- उद्योग, तरकारी, फलफूल खेती, जडिबुटी मार्फत दिगो रोजगारलाई सुनिश्चित गर्नु ।

महाकाली नगरपालिका
महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलङ्गा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

खण्ड -७

## रणनीतिक स्तम्भ/प्रमुख रणनीति तथा कार्यनीतिहरू (Major strategies)

### ७.१ रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उद्देश्य प्रासिका लागि निम्न रणनीतिक स्तम्भ पहिचान गरिएको छ। रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरू तय गरिएको छ ।

स्तम्भ-१ आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भ-२ बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

स्तम्भ-३ वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

स्तम्भ-४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री ।

### ७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- नं.१<br>आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने । | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने सीप, तरिका, विधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइने छ । |
| १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यान्न बाली, तरकारी पकेट, फलफूल खेती क्षेत्रको जमीनको छनौट, परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछापालनका सम्बन्धमा सम्भावित अध्ययन गरी गाँउ भित्र रोजगारीका अवसरको खोजी गरिने छ । |
| रणनीतिक स्तम्भ- नं.२<br>वेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | |

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलौं, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उधमशील सीपलाई व्यवहारीक जीवनमा लागू गर्न सक्ने गरी नागरिकलाई प्रोत्साहन गरिने छ । |
| २.२ युवाहरूलाई सीप सिकाउन तालिम प्रदायक निकाय सँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिइ दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । |
| रणनीतिक स्तम्भ- नं.३<br>वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |
| ३.१ वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकाय सँग समन्वय गर्ने । | ३.१.१ वैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिने छ । |
| ३.२ वैदेशिक रोजगारीबाट फर्केका व्यक्रिहरूले प्राप्त गरेको अनुभव, सीप, ज्ञान, प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका व्यक्तिहरूले प्राप्त गरेको अनुभव, सीप, ज्ञान, प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नँया क्षेत्रको खोजी गर्न सदुपयोग गर्ने । |
| रणनीतिक स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.२ सीप विकास, सहुलियता पूर्ण कर्जा, वित्तिय साक्षरता, उधमशीलता, परामर्श सेवा जस्ता सुविधाको पहिचान र एकिकृत अभिलेख राखिने छ ।<br>४.१.३ संघ, प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरू प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । |

नलकोटी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलबी, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

७.२ समन्यव तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा महाकाली नगरपालिका सरोकारवाला निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज सेवी, निर्माण व्यवसायी, उद्योग व्यवसायी लगायतका आमसरोकारवाला व्यक्ति तथा समन्वय र सहकार्य गरिने छ ।

खण्ड-८

**पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic action plan)**

**अनुसूची — ५ बमोजिम**

महाकाली नगरपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

| स्तम्भ नं. १<br>आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीति १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने । | | | | | | |
| कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला,सीप,प्रविधि सम्बन्धमा आवश्यक परामर्श र सीप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइनेछ । | | | | | | |
| क्र.सं | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवारी निकाय/शाखा | सहायक निकाय/शाखा | समय अवधि | कार्यसम्पादन सूचक | जोखिम |
| १.१.१.१ | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रो.से.के. | योजना शाखा/ रो.से.के. | ४ महिना भित्र | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परामर्श र सीप सिकाउने | रो.से.के. प्राविधिक शाखा | योजना शाखा/ रो.से.के. | बढीमा २० दिन | मर्यादित कामको गुणस्तर देखिने | |

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१४

नि.प्रमुख प्रशासकीय अधि.

महाकाली नगरपालिका

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनिति १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.२.१ उत्पादन हुने खाद्यान्न बाली, तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतिको र जमीन छनौट गर्ने | रो.से.के. | कृषि शाखा | १५ दिन | जमिनको छनौट भएको | |
| १.२.१.२ | उत्पादनशील रोजगारीको ढाचाका लागि जमिन मालिक र श्रमिकविच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने। | रो.से.के. | कृषि शाखा ,श्रमिक समुह जमीनमा लिक | ७ दिन | जमीनकर्ता र श्रमिक विच समझदारी कायम भएको | |
| १.२.१.३ | खाली भएका जमीनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफूल, जडिबुटि खेतिको पहल गर्ने | रो.से.के. | कृषि शाखा ,श्रमिक समुह जमिनमा लिक | १० दिन | उत्पादन हुने फलफूल खेतिको | |
| १.२.१.४ | उत्पादित वस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने | रो.से.के. | कृषि शाखा ,श्रमिक समुह वजारव्यव स्थापक | १५ दिन | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ । | |

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित भएको हुनेछ ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक भएको हुनेछ ।
- बेरोजगार युवाहरू आय आर्जनमा केन्द्रित भएका हुनेछन ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भइ कार्यान्यिन भएको हुनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परामर्श सेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने ।
- दिगो र उत्पादनशील रोजगारीका क्षेत्रमा पूर्वाधार निर्माण भएको हुनेछ ।
- दिगो रोजगारीका लागि उद्यमशिलताका नँया क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारीमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको रोजगारीका कार्यक्रमलाई एकिकृत गराउन सहयोग पुग्नेछ ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भइ वार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचीकृत बेरोजगारीको संख्यामा हाल करिव १५% ले मात्र रोजगारी पाएकोमा ५०% सम्मलाई रोजगारी पाएको सुनिश्चित हुने ।

## खण्डः- ३ रणनैतिक विश्लेषण

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारको विभिन्न कार्यक्रम कार्यान्यवन भएका तर उपलव्धिमूलक नभएको अवस्था रहेको छ । संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशील रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न आन्तरीक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पूर्वाधार मात्र न्यूनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक वैदेशिक रोजगारीमा गई रहेको वर्तमान चूनौतीलाई आत्मसाथ गरी आन्तरीक रोजगारीका नँया क्षेत्र पहिचान गरी स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाँउमै बस्ने वातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा छ ।

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.५ | सूचिकृत बेरोजगारलाई पशुपालन माछा पालन सेवामा आवद्ध हुने वाताव्रण तयार गर्न आवश्यक पहल गर्ने | रो.से.के. पशुशाखा | कृषि शाखा ,श्रमिक समुह वजारव्यव स्थापक | ३० दिन | दुध र माछा मासुको व्यापार भएको हुने | |
| स्तम्भ नं. २<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनिति २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशिल सीपलाई व्यावहारीक जीवनमा लागू गर्न सक्ने बेरोजगार नागरिकलाई प्रोत्साहन गरिनेछ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशिलका कार्यक्रम संचालन गर्ने | रो.से.के. | उद्यम शाखा | १५ दिन | उद्यमशिल तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्यमधशिलता द्वारा उत्पादित वस्तुको बजारिकारण गर्ने | रो.से.के. | उद्यम शाखा | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने। | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिई दक्ष बनाउने । | | | | | | |
| २.२.२ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र | रो.से.के. | तालिम प्रदायक निकाय | ३० दिन | सीप र अनुभव अभिलेखबाट संख्या | |



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सीपलाई अभिलेख राखे | | | | | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायि, ठेकेदार, होटल व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगार दाताको विवरणको अभिलेख राखिने । | | | | | | |
| २.३.१ | बेरोजगार युवाहरुलाई न्युनतम पारिश्रमिक दिइ रोजगार दिएका रोजगार दाता र श्रमिकको अभिलेख राखे र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्वन्धि सूचनाको आँकलन गर्ने । | रो.से.के. | सरोकारवाला सबै | १५ दिन | रोजगारदाताको विवरण प्राप्त | |
| २.३.२ | रोजगार सेवाकेन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारी दिएमा त्यस्ता रोजगारदातालाई वर्षको एकपटक पुरस्कार सहित सम्मान गर्ने । श्रमिक र सीपको अभिलेख तयार गर्ने | रो.से.के. | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र सीपको विविरण प्राप्त | |

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलमा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं. ३<br>बैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग । | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने। | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सीप सिकाउनका लागि पहल गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सीपको आधार तयार गरी बैदेशिक रोजगारमा जाने व्यक्तिलाई विदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने । | रो.से.के | रोजगार सेवा केन्द्र, तालिम प्रदायक निकाय | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखिकरण गर्ने | रो.से.के | तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाको बारेमा जानकार भएको | |
| रणनिति ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनिभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने | | | | | | |
| कार्यनीति ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नयाँ क्षेत्रको खोजी गर्ने ,सदुपयोग गर्ने । | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण तयार अद्यावधिक गर्ने | रो.से.के | रोजगार सेवा केन्द्र | १५ दिन | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुने | |
| स्तम्भ नं. — ४ | | | | | | |



नि.प्रमुख प्रशासकीय अधिकृत

| रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनिति ४.१ सीप विकास, सहुलियतापूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाईनेछ । | | | | | | |
| ४.१.१.१ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उपलब्ध गराउने | रो.से.के | निजी क्षेत्र | २ महिना | एकिकृत सेवा पाएका हुने | |
| ४.१.१.२ | संघ, प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानुनी व्यवस्थाहरु प्रबावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रो.से.के | सरोकारवाला निकाय सबै | ६ महिना | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |

महाकाली नगरपालिका

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची ४ बमोजिम

नतिजा खाका

| क.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १. | न्यूनतम रोजगारीमा संलग्न व्यक्ति | जना | २४० | ३०० | ३५० | ४०० | ४५० | ५०० |



नि.प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| २. | पूर्वाधार विकाश संलग्न तर्फ | जना | २४० | २५० | २५० | ३०० | ३५० | ३५०५ |
| ३. | उत्पादन रोजगारीमा संलग्न तर्फ | जना | १० | २० | ३० | ४० | ४५ | ५० |
| ४. | रोजगार आयोजनामा सीप पाएको जनशक्ति संलग्न | जना | ० | १०० | १२० | १५० | २०० | २५० |
| ५. | उत्पादनशील र दिगो रोजगारी स्थान छनौट कृषि तर्फ । | ठाँउ | ५ | ५ | १० | १५ | २० | २५ |
| ६. | न्यूनतम रोजगारमा आवद्ध हुने श्रमिकलाई परामर्श सीप विकास पूर्वाधार तर्फ | जना | ० | १०० | १२० | १५० | २०० | २५० |
| ७. | तरकारी उत्पादन तर्फ न्यूनतम रोजगारीमा संलग्न संख्या | जना | १० | २० | ५० | १०० | १५० | २०० |
| ८. | जडीबुटी तर्फ रोजगारी | जना | ० | ५ | १० | १५ | ३० | ४० |
| ९. | पशुपालन तर्फ रोजगारी | जना | ० | २० | ३० | ४० | ५० | ५० |

महाकाली नगरपालिका

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १०. | उत्पादन रोजगार श्रमिक समुह गठन कृषि तर्फ | वटा | ० | २ | ५ | ७ | ८ | ९ |
| ११. | उत्पादन रोजगार श्रमिक समुह गठन पशुपालन तर्फ | वटा | ० | २ | ५ | ७ | ८ | ९ |
| १२. | रोजगारदाता विवरण | संख्या | ० | ५० | ८० | १०० | १५० | २०० |
| १३. | उद्यमशिलता विकास तर्फ सीप विकास | संख्या | ० | ५० | ७५ | ८० | १०० | १०० |
| १४. | कार्यस्थलमा आधारीत तालिम पाउने संख्या | जना | ० | ४० | ५० | ८० | १०० | १५० |
| १५. | वैदेशिक रोजगारमा आवश्यक पर्ने सीपको पहिचान र छोटो अवधिको सीप सिकाउने | जना | ० | ५० | ७० | १०० | १०० | १५० |
| १६. | वैदेशिक परामर्श र अभिमूखीकरण | पटक | ० | ३ | ५ | ५ | ५ | ५ |
| १७. | वैदेशिक रोजगारीमा गएको विवरण । | जना | ० | संकलन गरिने | संकलन गरिने | संकलन गरिने | संकलन गरिने | संकलन गरिने |
| १८. | वैदेशिक रोजगारीबाट | जना | ० | संकलन गरिने | संकलन गरिने | संकलन गरिने | संकलन गरिने | संकलन गरिने |

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धार्चुला, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

| क्र. स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व.) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | फर्केकाको संलग्न विवरण । | | | | | | | |
| १९. | सहुलियतपूर्ण कर्जा लिने संख्या | जना | ० | ५ | १० | १५ | २० | ३० |
| २०. | वित्तिय साक्षरता | जना | ० | १०० | २०० | ३०० | ४०० | ५०० |
| २१. | उद्यमशिलता | जना | १० | ३० | ५० | ८० | १०० | १३० |
| २२. | स्वरोजगार तर्फ | जना | १० | ३० | ५० | ८० | १०० | १०० |

## खण्ड -९

श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget management)

महाकाली नगरपालिका वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जूमा गरिने छ । रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रूपमा प्रस्ताव गरिने छ । आवश्यकता अनुसार विकास साझेदार सँग समेत आर्थिक श्रोत गरिएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्तम्भ-१ आन्तरीक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | ५० लाख | ५० लाख | ७० लाख | १ करोड | १ करोड |
| स्तम्भ-२ बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | १५ लाख | २० लाख | २५ लाख | ४० लाख | ५० लाख |
| स्तम्भ-३ वैदेशिक रोजगारलाई उपलब्धिमूलक र | १० लाख | २० लाख | २५ लाख | ३० लाख | ४० लाख |

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलमा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | |
| स्तम्भ-४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | १० लाख | २० लाख | २० लाख | २५ लाख | ३० लाख |

## खण्ड-१०

रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था ( Steering Committee Monitoring and Evaluation )

१०.१ रणनीति कार्यान्वयन निर्देशक समिति:

१०.१.१. यस महाकाली नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानीय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगर प्रमुखले तोकेको वडा अध्यक्ष दुई जना - सदस्य

ङ) रोजगार संयोजक - सदस्य-सचिव

१०.१.२. रणनीति कार्यान्वयन निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

१०.१.३. बैठक संचालन सम्बन्धी कार्यविधि नगरपालिकाको बैठक संचालन कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

१०.१.४. बैठकमा विषय विज्ञ तथा शाखाका कर्मचारीहरु तथा रोजगारदाताहरू मध्ये आमन्त्रण गर्न सकिनेछ।

१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकार:

महाकाली नगरपालिका



वि.प्रमुख प्रशासकीय अधिकृत

क) रणनीतिक उद्देश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरूप आवश्यक बजेट विनियोजनका लागि नगर कार्यपालिका वा नगर सभामा सिफारिस गर्ने ।

ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरूको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रूपमा समाधान गर्न रोजगारी रणनीति योजनालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।

घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समीक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

च) सरकारी तथा गैरसरकारी निकाय सँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने।

छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचीकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने।

## खण्ड -११

## जोखिम व्यवस्थापन ( Risk Management )

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरी देहाय बमोजिम उल्लेख गरिएको छ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी, गैरसरकारी र निजीक्षेत्रबिच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धि स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवालाहरू निकायको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

महाकाली नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम (४) बमोजिम प्रमाणिकरण गरिन्छ ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

२४

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner